# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७८/०७९
च.न. :

विषय:- विज्ञापन कर संकलन गर्ने कार्य ठेक्काको डाक बढाबढ सम्बन्धि ७ दिने सूचना।

प्रकाशित मिति: २०७८/०७/३ गते

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल चौक सडक वा कसैको निजी घर पर्खालमा कुनै उत्पादक कम्पनी वा अन्य व्यावसायीहरूले आफ्नो व्यवसायको प्रचार प्रसारका लागि लगाईएका होर्डिङ बोर्ड, साईन बोर्ड, ग्लोब बार्ड, स्टल, व्यानर, भित्तेलेखन लगायत अन्य प्रचार सामाग्रीहरूबाट विज्ञापन कर सकलन गर्न सक्ने प्रावधान स्थानीयतहलाई भए बमोजिम आगामी आ.व. ०७८/०७९ का लागि अन्तिम पटक यस उप-महानगरपालिकावाट तोकिएको दररेट बमोजिम कर सकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाहरुको जानकारीको लागि डाक बढाबढ सम्बन्धि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

तपसिलका शर्तहरू

१. आ.ब. २०७८/०७९ विज्ञापन करका लागि न्युनतम ठेक्का अक रू. १४,००,००० (अक्षरुपी चौध लाख मात्र) मु.अ.कर. र अन्य कर बाहेक कायम गरिएको छ।
२. ठेक्का आ.ब. ०७८/०७९ को असार मसान्त सम्मको लागि ठेक्काको सम्झौता गरिनेछ।
३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।
४. डाक बढाबढमा सहभागी हुनका लागि मिति २०७८/०७/०९ गते दिनको १२:०० बजे भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद रू. १००० (पछि फिर्ता नहुने गरी) जम्मा गरी निबेदन पेश गर्नु पर्ने छ।
५. मिति २०७८/०७/०९ गते दिनको २:०० बजे धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा डाक बढाबढको कार्य सुरु गरिने छ, उक्त समयमा सम्बन्धित व्यक्ति समेत उपस्थित हुनु पर्नेछ।
६. डाक बढाबढमा सहभागी हुने फर्म/संस्था ले आफुले कबोल गर्न चाहेको ठेक्का अंकको ५% ले हुन आउने रकम रकम तत्काल जम्मा गरेपछी मात्र सहभागी हुन पाउने छ ।
७. डाक बढाबढ दाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।
८. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी दुई किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउन पर्नेछ।
९. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन।
१०.डाक बढाबढ स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
११.यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।
१२.यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun gov.np बाट समेत हेर्न सकिनेछ।

हरि बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

प्र.प्र. अधिकृत : ५२०४२१ अ. ५२१४२१ नि. दमकल : १०१ फयाक्स : ५२११२१ प्र.शा. : ५२०७२१